विदुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट

## सहकारी शाखा

**सहकारी बिद्युतीय एकिकृत ब्यवस्थापन सूचना प्रणालीको अनिवार्य प्रयोग सम्बन्धी जरुरी सूचना**

सहकारी नियमावली २०७५ को नियम २८ को उपनियम (४) मा सबै सहकारी संस्थाहरुले आफ्नो संस्थागत तथा ब्यवसायिक कारोवारको विवरण विभागले तोकेको एकिकृत सूचना ब्यवस्थापन प्रणाली ( COPOMIS) मा प्रविष्टी गनुपर्ने ब्यवस्था रहेकोले यस नगर कार्यक्षेत्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुले २०७७ पौष मसान्त सम्मको आर्थिक विवरणहरु सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा अनिवार्य प्रविष्टि गर्नका लागि सहकारी विभागको मिति २०७७/१०/८ को निर्देशन समेतका आधारमा सबै सहकारीलाई पत्राचार गरिसकिएको छ । पत्र नपुगेको भएमा पनि यसै सूचनालाई आधार मानी विदुर न.पा., सहकारी शाखामा सम्पर्क गरी सो सम्बन्धी विस्तृत जानकारी लिनुहुन अनुरोध छ । आगामी फागुण पहिलो हप्तामा सहकारी विभागका परामर्शदाता कार्यटोलीद्वारा अनुगमन तथा सहजीकरण समेत हुने भएकाले यस सम्बन्धी दक्ष जनशक्ति भएमा यस शाखाबाट User name र Password लिई आफै प्रविष्टी गर्ने र दक्ष जनशक्ति नभएमा सहकारी शाखामा सम्पर्क गरी निर्धारित फर्म्याट प्राप्त गरी सोमा उल्लेखित विवरण प्राप्त भए पश्चात विभागको टोलीले नै प्रविष्ट गराउने भएकोले सो विवरण यथाशक्य छिटो तयार गरी पेश गर्नुहुन अनुरोध गरिन्छ । यदि यस पटक पनि COPOMIS मा आर्थिक तथा ब्यवसायिक विवरणहरु प्रविष्ट नगरेमा उक्त सहकारी संस्थाहरुलाई निस्क्रिय संस्थाको सूचीमा राखिने, सहकारी ऐन २०७४ को दफा ७८र नियमावलीको नियम २९ अनुसार प्राप्त हुने छुट, सुविधा र सहुलियतको सिफारिस नगरिने र सहकारी ऐनको दफा १२५ उपदफा (२) को खण्ड (क) र (ख) अनुसारको कसुर गरेको आधारमा जरिवाना गर्न, कारोबार रोक्का वा बैंक खाता रोक्का राख्न समेत सकिने ब्यहोरा सम्बन्धित सबै सहकारी संस्थाहरुलाई सूचित गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकिय अधिकृत